नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(गुनासो व्यवस्थापन तथा समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन : ०१-४२११९०३

पत्र संख्या : २०७४।७५

च.नं. : १९५

मितिः- २०७५/०३/१५

**श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई,**
**(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)**
**ज्वागल, ललितपुर**

विषयः <u>निर्णय कार्यान्वयन गर्ने बारे</u>।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको मिति २०७५।३।१४ गते बसेको १०८ औं बैठकको निर्णयको प्रतिलिपि संलग्न छ । उक्त बैठकको निर्णय नं.१ तथा सोको तालिका १ (जस अन्तर्गत MIS बाट स्वीकृत लाभग्राही सूचीको सफ्ट कपि समेत पठाईएको), र निर्णय नं. २ कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ । साथै लाभग्राही सूचीको Reason मा Legal उल्लेखित लाभग्राहीहरुको सम्वन्धित स्थानीय तहले सम्झौता गर्नु अघि पुनः जाँचबुझ (स्थलगत तथा प्रमाण कागजातको)गर्ने गराउने व्यवस्था मिलाउनु हुन समेत आदेशानुसार अनुरोध छ ।

(नोटः लाभग्राहीसँग सम्झौता गर्दा कार्यकारी समितिको १०३औं बैठकको निर्णय नं२(४)का निर्देशनहरु बमोजिम गर्नु गराउनु हुन समेत अनुरोध छ ।)

**(लालबहादुर बस्नेत)**
शाखा अधिकृत

**बोधार्थः**
श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
ललितपुर/नुवाकोट/धादिङ/सिन्धुली/ओखलढुंगा/मकवानपुर/रामेछाप/काभ्रेपलाञ्चोक/सिन्धुपाल्चोक
श्री सूचना व्यवस्थापन शाखा
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १०८औं बैठकको निर्णयहरु

स्थान:- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतज्यूको कार्यकक्ष, सिंहदरबार ।
मिति :-२०७५।०३।१४
समय:- विहान ९:०० बजे

निर्णय नं.१

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान प्राप्त गर्न नसकी गुनासो दर्ता गराएका भूकम्प प्रभावित व्यक्तिहरुको सम्बन्धमा सर्भेक्षण र पुनःजाँच निरिक्षण गरी इन्जिनियरहरुबाट MIS मा प्राप्त भएका तथ्यांकहरुको विश्लेषण गरी लाभग्राही/ गैरलाभग्राही कायम गर्न सिफारिस भएका १२,१२८ गुनासोको विवरण तयार पारिएको छ । उक्त विवरणमा उल्लेख भएका गुनासोकर्ताहरुलाई लाभग्राही/गैरलाभग्राही कायम गर्नुपर्ने भएको छ।

छुट तथा पुनःजाँच सर्भेक्षण गरी इन्जिनियरहरुबाट MIS मा प्राप्त भएका गुनासोहरुको प्राविधिकबाट विश्लेषण गरी लाभग्राही कायम गर्न निजी आवास पुनर्निर्माण अनुदान वितरण (पहिलो संशोधन) कार्यविधि, २०७३ को दफा ३ (१क) बमोजिम लाभग्राही कायम गर्न केन्द्रीय गुनासो समितिबाट १२,१२८ गुनासोकर्ताहरुको निर्णयका लागि पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधिको दफा १२ (३क) बमोजिम सिफारिस भएको छ। कार्यकारी समितिबाट हालसम्म कुल ४२,६४६ गुनासाको निर्णय भईसकेको जसमा २०,३१० पूर्ण लाभग्राही, ११,२९७ प्रवलीकरण लाभग्राही (Retrofitting Beneficiary), ९,२१५ गैरलाभग्राही कायम भएको र गुनासोकर्ताहरु मध्ये १,८२४ यस अघि नै लाभग्राही सूचीमा परिसकेका छन्।

लाभग्राही तथा गैरलाभग्राही कायम गर्ने स्वीकृतिका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरिएको छ ।

निर्णय:

छुट तथा पुनर्जाँच सर्वेक्षणबाट प्राप्त तथ्यांकहरुको छानविन गरी प्राप्त विभिन्न जिल्लाका तालिका-१ मा उल्लेखित १७ वटा स्थानिय तहका ५,२६५ गुनासोकर्तालाई पुनर्निर्माण लाभग्राही (Probable Beneficiary), १,०१७ गुनासोकर्तालाई सम्भाव्य लाभग्राही (Potential Beneficiary), २,८५७ गुनासोकर्तालाई प्रवलीकरण लाभग्राही (Retrofitting Beneficiary) र २,४७९ गुनासोकर्तालाई गैरलाभग्राही कायम गर्ने ।

सचिव

निर्णय नं. २

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण (पहिलो संशोधन) कार्यविधि, २०७३ को अनुसूची १ को बुदाँ नं. २ (घ) मा "भूकम्पबाट क्षतिग्रस्त आवास भएकै जिल्ला वा सीमाना जोडिएको भूकम्पबाट प्रभावित जिल्लाको अन्य सहज हुने उपयुक्त स्थानमा आवास निर्माण गर्ने भएमा उल्लेखित अनुदान उपलब्ध गराइने छ" भन्ने व्यवस्था रहेको । तत्कालिन नीतिगत व्यवस्थालाई कार्यकारी समितिको विभिन्न बैठकहरुबाट परिवर्तन भएको कारण छिमेकि जिल्लामा निजी आवास पुनर्निर्माण गरेका लाभग्राहीहरुलाई के कसरी अनुदान उपलब्ध गराउने भन्ने बिषयमा द्विविधा उत्पन्न भएकोले नीतिगत व्यवस्थालाई थप स्पष्ट गरी निर्देशन दिनुपर्ने भएको छ।

क. उक्त व्यवस्थालाई "भूकम्प प्रभावित जिल्लाका जोखिमयुक्त स्थानमा जग्गा भएको कारणले वा जग्गा नै नभएको कारणले घर निर्माण गर्न नसक्ने भएमा भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण (पहिलो संशोधन) कार्यविधि, २०७३ को अनुसूची -१ को दफा २ (घ) वमोजिम छिमेकी जिल्लामा घर निर्माण गर्नका लागि अनुदान उपलब्ध गराउने साथै पुर्ववत सम्झौता भई प्रथम किस्ता प्राप्त गरी सकेको व्यक्तिको हकमा सोही सम्झौता वमोजिम गर्ने/गराउने" भनी कार्यकारी समितिको मिति २०७४।७।२९ गते बसेको ९१ औ बैठकबाट निर्णय भएको ।

ख. कार्यकारी समितिको सोही बैठकको निर्णयबाट "निजी आवास अनुदान वितरण (पहिलो संशोधन) कार्यविधि, २०७३ को अनुसूची १ को २ (घ) अनुसार सिमाना जोडिएको छिमेकी भूकम्पबाट प्रभावित मिति २०७४।०१।०५ देखी २०७४।७।२८ भित्र कार्यकारी समितिको मिति २०७४।४।३२, ७९ औं बैठकको निर्णय बमोजिम सहमति लिएर पुनर्निर्माण प्रारम्भ गरिसकेका लाभग्राहीहरुलाई पुनर्निर्माण अनुदान उपलब्ध गराउने प्रयोजनका लागि उल्लेखित समयभित्रै सहमति प्राप्त गरी सम्बन्धित निकायमा दर्ता गराइएको पुष्ट्याई हुने कागजात सम्बन्धित जिल्लाबाट प्राप्त गरी निर्णयको लागि पेश गर्न" नीति, अनुगमन, मूल्याङ्कन तथा समन्वय महाशाखालाई निर्देशन भएको।

ग. कार्यकारी समितिको मिति २०७४।४।१८ गते बसेको ७९ औ बैठकबाट "क्षतिग्रस्त निजी आवास भएको जिल्लाको गाउँपालिका/नगरपालिकामा लाभग्राहीसँग सम्झौता गरिएका तर घर निर्माण क्षतिग्रस्त आवास भएको भूकम्प प्रभावित छिमेकी जिल्लामा भएको अनुदान रकम उपलब्ध गराउँदा घर निर्माण गरिएको स्थानीय तहमा खटिएका प्राविधिकबाट जाँचपास भई आए अनुसार शुरु सम्झौता भएको जिल्लाबाट अनुदान रकम उपलब्ध गराउने" भनी निर्णय भएको । कार्यकारी समितिको ९७ औं बैठकको निर्देशन बमोजिम छिमेकी जिल्लामा मिति २०७४।१।५ देखी २०७४।७।२८ भित्र सहमति लिएर पुनर्निर्माण प्रारम्भ गरेका लाभग्राहीहरुको विवरण जिल्लास्थित कार्यालयलाई पठाउन निर्देशन दिइएकोमा हालसम्म २ वटा जिल्लाबाट ३३ जना लाभग्राहीको मात्र विवरण प्राप्त हुन आएको ।

सचिव

माथि उल्लेखित व्यवस्थाको कार्यान्वयन गर्न द्विविधा उत्पन्न भएकोले छिमेकी जिल्लामा निजी आवास पुनर्निर्माण गर्ने नीतिगत व्यवस्थालाई थप स्पष्ट गर्न आवश्यक देखिएको सो सम्बन्धमा निर्णय हुनको लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरिएको छ ।

निर्णयः

तत्काल नीतिगत व्यवस्था कायम रहे बमोजिम मिति २०७४।०१।०५ देखि २०७४।०७।२८ सम्म क्षतिग्रस्त आवास भएको जिल्लाको सम्बन्धित स्थानीय तहको सिफारिश निजी आवास पुनर्निर्माण गर्ने जिल्लाको सम्बन्धित स्थानीय तहमा दर्ता भई कारवाही शुरु भएका लाभग्राहीलाई अनुदान उपलब्ध गराउने ।

निर्णय नं. ३

वि.स. २०७२ को भूकम्प पश्चातको पुनर्निर्माणको अभियानमा गैर सरकारी क्षेत्रलाई संलग्न गराउने उद्देश्यले पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ प्रचलनमा रहेको छ । यसै कार्यविधिमा आधारित रहेर Build on Nepal र ग्रामीण सुधार समाज नामक राष्ट्रिय गैर सरकारी संस्थाबाट विद्यालय भवन पुनर्निर्माण गर्ने उद्देश्यले निवेदन प्राप्त भएको छ । उक्त प्रस्तावलाई स्वीकृती प्रदान गर्न कार्यकारी समितिका सदस्य डा. चन्द्र बहादुर श्रेष्ठवाट सिफारीश भएको छ ।

विद्यालय भवन पुनर्निर्माणको लागि Build on Nepal र ग्रामीण सुधार समाज नामक गैर सरकारी संस्थाबाट माथि उल्लेख भए बमोजिमको प्रस्ताव गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम स्वीकृतिका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णयः

संग्लग्न अनुसूची-१ वमोजिमको Build on Nepal र अनुसूची-२ बमोजिम ग्रामीण सुधार समाज नामक गैर सरकारी संस्थाबाट पेश हुन आएको विद्यालय भवन पुनर्निर्माण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

सचिव

निर्णय नं. ४

रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नं. ८ बस्ने भूकम्पपीडित लाभग्राही बुद्धिलाल श्रेष्ठ र विष्णु कुमार श्रेष्ठले एउटै छानामुनी Block "A" र Block "B" जनाई नगरपालिकाबाट नक्सा स्वीकृत गरी दोस्रो किस्ताको रकम उपलब्ध गराउनको लागि रामेछाप न.पा. को सिफारिस पत्र सहित माग भई आएको छ। सो सम्बन्धमा नीतिगत निर्णय हुन केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) बाट यस प्राधिकरणमा पत्राचार भएको छ।

केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) को पत्रानुसार दुई जना भूकम्पपीडित लाभग्राहीहरुले एउटै छाना राखी दुई निजी आवास निर्माण भईरहेको सम्बन्धमा जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन), रामेछाप समेत अन्य जिल्ला आयोजना कार्यान्वयन इकाईहरुबाट पनि आवश्यक राय माग भएको छ।

यस विषयमा नीतिगत निर्णय भई कार्यान्वयन हुन मनासिब हुने भएकोले यस किसिमले दुई वा दुई भन्दा वढी लाभग्राहीले छुट्टाछुट्टै घर बनाई एउटै छाना बनाएको हकमा अन्य मापदण्ड पुरा भएको अवस्थामा स्वीकृति दिनका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णय:

दुई वा सो भन्दा बढी भूकम्पपीडित लाभग्राहीहरुले छुट्टाछुट्टै घर बनाई एकै छाना बनाएको घरहरुलाई अन्य मापदण्ड पुरा गरेको अवस्थामा स्वीकृति प्रदान गर्ने ।

सचिव

## तालिका-१

## छुट तथा पुनर्जाँच सर्भेक्षणबाट प्राप्त गुनासोको विश्लेषणबाट प्राप्त विभिन्न स्थानिय तहका लाभग्राही तथा गैरलाभग्राहीहरुको विवरण

| सि.नं. | जिल्ला | गाउँपालिका/नगरपालिका | पुनर्निर्माण लाभग्राही | सम्भाव्य लाभग्राही | जम्मा पुनर्निर्माण लाभग्राही | जम्मा प्रवलीकरण लाभग्राही | गैर पुनर्निर्माण लाभग्राही |
|---|---|---|---|---|---|---|---|
| १. | धादिङ्ग | गल्छी गाउँपालिका | ५२२ | २१ | ५४३ | १८२ | २३५ |
| २. | धादिङ्ग | गजुरी गाउँपालिका | १९५ | २० | २१५ | २४० | १२३ |
| ३. | धादिङ्ग | खनियाबास गाउँपालिका | ९२ | ६० | १५२ | ११ | १९ |
| ४. | काभ्रेपलाञ्चोक | भुम्लु गाउँपालिका | ३५९ | ९२ | ४५१ | ३५ | ११८ |
| ५. | काभ्रेपलाञ्चोक | चौरी देउराली गाउँपालिका | ४८१ | १५४ | ६३५ | ३०४ | १५० |
| ६. | काभ्रेपलाञ्चोक | पाँचखाल नगरपालिका | ४६१ | १५४ | ६१५ | २१२ | ५६९ |
| ७. | ललितपुर | महालक्ष्मी नगरपालिका | ८० | ४६ | १२६ | ४८ | १७६ |
| ८. | मकवानपुर | इन्द्रसरोवर गाउँपालिका | ७६ | ४९ | १२५ | २९ | २७२ |
| ९. | नुवाकोट | किस्पाङ्ग गाउँपालिका | ४३४ | २३ | ४५७ | १३ | ७१ |
| १०. | नुवाकोट | पञ्चकन्या गाउँपालिका | ४१० | २३ | ४३३ | २७ | २२ |
| ११. | नुवाकोट | शिवपुरी गाउँपालिका | ५२५ | ६५ | ५९० | ४८ | ७७ |
| १२. | नुवाकोट | सूर्यगढी गाउँपालिका | ४८४ | ५५ | ५३९ | ११ | ४५ |
| १३. | नुवाकोट | तादी गाउँपालिका | १६८ | ४४ | २१२ | ५ | ४६ |
| १४. | ओखलढुंगा | मानेभन्ज्याङ्ग गाउँपालिका | १८ | ३ | २१ | ६५ | ९८९ |
| १५. | रामेछाप | रामेछाप नगरपालिका | ४६२ | २६ | ४८८ | ७५७ | २९७ |
| १६. | सिन्धुली | फिक्कल गाउँपालिका | ४३६ | ३५ | ४७१ | ८६५ | २७ |
| १७. | सिन्धुपाल्चोक | त्रिपुरासुन्दरी गाउँपालिका | ६२ | १४७ | २०९ | ५ | ५९ |
| | | जम्मा | ५२६५ | १०१७ | ६२८२ | २८५७ | २४७९ |

सचिव

## अनुसूची -१

| क्र. स. | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजनाको क्षेत्र | परियोजना विवरण | | | | बजेट | | | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क्र.स | विधालयको नाम | स्थान | लक्ष | प्रशासनिक | कार्यक्रम | जम्मा रु. | |
| १ | Build on Nepal | School Reconstruction | शिक्षा | १ | चन्द्रज्योति मा.वि | बिदुर नगरपालिका ५, नुवाकोट | ३ कोठा भवन | ०३.८०% | ९६.२० % | ९५,०२,९५१.०० | २०७५ असार |
| | | | | २ | रतनदेउ आधारभूत विद्यालय | लिखु गाउपालिका १, नुवाकोट | ३ कोठा भवन | | | | |
| | | | | ३ | बनदेवी आधारभूत विद्यालय | बेलकोट गाउपालिका ४, नुवाकोट | ३ कोठा भवन | | | | |

[signature]
सचिव

<u>अनुसूची-२</u>

| क्र. स. | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजनाको क्षेत्र | परियोजना विवरण | | | | बजेट | | | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क्र. स | बिधालयको नाम | स्थान | लक्ष | प्रशासनिक | कार्यक्रम | जम्मा रु. | |
| १ | ग्रामिण सुधार समाज | Reconstruction of Permanent School building in Earthquake affected schools in Sindhupalchowk District | शिक्षा | १ | सेतिदेबी नमुना माध्यमिक विद्यालय | चौतारा सागाचोकगढी न. पा. १३ सिन्धुपाल्चोक | ८ कोठा भवन | ०४.७५% | ९५.२५% | ११,५७,३०,९१८.८४ | २०७६ असार |
| | | | | २ | ज्ञान मन्दिर आधारभूत विद्यालय | चौतारा सागाचोकगढी न. पा. ७, सिन्धुपाल्चोक | ८ कोठा भवन | | | | |
| | | | | ३ | बनदेवी माध्यमिक विद्यालय | चौतारा सागाचोकगढी न. पा. १, सिन्धुपाल्चोक | ८ कोठा भवन | | | | |
| | | | | ४ | इर्खु माध्यमिक विद्यालय | चौतारा सागाचोकगढी न. पा. ८ | १२ कोठे भवन (१वटा) र ६ कोठे भवन (१ वटा) | | | | |
| | | | | ५ | जनजागृति माध्यमिक विद्यालय | चौतारा सागाचोकगढी न. पा. १२ | १२ कोठे भवन (१वटा) र ६ कोठे भवन (१ वटा) | | | | |



सचिव